SHIVAM CEMENT
ASALI OPC CEMENT

# SHIVAM CEMENTS LIMITED

Hetauda-16, Makawanpur, Nepal
**Corporate Office :** Siddhartha Insurance Bhawan, 2nd Floor, Anamnagar, Kathmandu
**GPO Box** 13478, **Tel:-** +977-01-5705993/5706804 **Fax:** +977-01-5706804
**Web :** www.shivamcement.com.np, **E-mail:** info@shivamcement.com

## Unaudited Statement of Financial Position
## As at 16th July, 2025 (Ashad 32, 2082)

| Particulars | Shivam Cements | |
|---|---|---|
| | 16th July 2025 (Ashad 32, 2082) | 15th July 2024 (Ashad 31, 2081) |
| **Assets** | | |
| **Non Current Assets** | | |
| Property, Plant & Equipment | 3,885,988,681 | 3,613,074,969 |
| Intangible Assets | 11,303,875 | 3,396,234 |
| Investment in Quoted Shares | 131,208,000 | 119,280,000 |
| Investment in Subsidiaries | 4,755,208,800 | 4,585,208,800 |
| Other Non-Current Assets | 37,123,251 | 34,464,296 |
| **Total Non Current Assets** | **8,820,832,606** | **8,355,424,299** |
| **Current Assets** | | |
| Inventories | 1,735,417,180 | 1,874,856,439 |
| **Financial Assets** | | |
| Trade Receivables | 819,967,247 | 1,126,644,809 |
| Cash & Cash Equivalent | 651,816,544 | 240,488,471 |
| Bank Balance (Other than Cash & Cash Equivalent) | 400,000,000 | 200,000,000 |
| Others Financial Assets | 26,474,068 | 34,166,166 |
| Other Current Assets | 137,570,571 | 123,901,482 |
| Income Tax Assets (Net) | 6,198,709 | 15,396,894 |
| **Total Current Assets** | **3,777,444,319** | **3,615,454,260** |
| **Total Assets** | **12,598,276,925** | **11,970,878,560** |
| **Equity & Liabilities** | | |
| **Equity** | | |
| Equity Share Capital | 5,456,808,500 | 5,027,000,000 |
| Share Premium Reserve | 956,233,911 | 956,233,911 |
| Other Reserve & Surplus | 3,876,756,428 | 3,509,621,193 |
| **Total Equity** | **10,289,798,839** | **9,492,855,104** |
| **Non Current Liabilities** | | |
| Financial Liabilities | | |
| Long Term Borrowings | 1,738,963 | 4,710,093 |
| Other Financial Liabilities | 12,160,661 | 3,432,662 |
| Deferred Tax Liabilities | 200,342,221 | 158,457,390 |
| **Total Non Current Liabilities** | **214,241,845** | **166,600,146** |
| **Current Liabilities** | | |
| Financial Liabilities | | |
| Trade Payables | 1,522,272,214 | 1,710,448,293 |
| Short Term Borrowings | 8,428,150 | 68,499,786 |
| Other Financial Liabilities | 113,050,483 | 48,481,990 |
| Other Current Liabilities | 436,055,236 | 472,284,847 |
| Provisions | 14,430,158 | 11,708,394 |
| **Total Current Liabilities** | **2,094,236,240** | **2,311,423,310** |
| **Total Liabilities** | **2,308,478,086** | **2,478,023,456** |
| **Total Equity and Liabilities** | **12,598,276,925** | **11,970,878,560** |

## Unaudited Statement of Profit & Loss
## For the Period Ended 16th July, 2025 (Ashad 32, 2082)

| Particulars | Shivam Cements | |
|---|---|---|
| | Upto 4 Qtr 2081-82 | Upto 4 Qtr 2080-81 |
| **Income:** | | |
| Revenue From Operations | 7,764,296,397 | 7,704,060,749 |
| Cost of Sales | 6,034,917,807 | 6,664,127,188 |
| **Gross Profit** | **1,729,378,590** | **1,039,933,561** |
| Other Income | 139,400,548 | 201,389,534 |
| **Expenses:** | | |
| Administration Expenses | 275,136,138 | 226,519,321 |
| Selling and Distribution Expenses | 655,346,246 | 680,342,625 |
| Finance Cost | 10,186,913 | 49,696,776 |
| **Total Expenses** | **940,669,296** | **956,558,723** |
| **Profit/(Loss) Before Tax** | **928,109,842** | **284,764,372** |
| Current Tax | 100,734,155 | 2,051,476 |
| Deferred Tax | 33,267,683 | 23,075,218 |
| **Net Profit/(Loss) For The Year** | **794,108,004** | **259,637,678** |

## Unaudited Statement of Comprehensive Income
## For the Period Ended 16th July, 2025 (Ashad 32, 2082)

| Particulars | Shivam Cements | |
|---|---|---|
| | Upto 4 Qtr 2081-82 | Upto 4 Qtr 2080-81 |
| **Net Profit/(Loss) For The Year** | 794,108,004 | 259,637,678 |
| **Other Comprehensive Income** | | |
| Gain/(Loss) on Investment in equity instruments measured at fair value | 11,928,000 | (15,506,400) |
| Tax Relating to Components of Other Comprehensive Income | 8,617,148 | 16,091,452 |
| **Total Other Comprehensive Income (OCI)** | **3,310,852** | **(31,597,852)** |
| **Total Comprehensive Income (TCI)** | **797,418,856** | **228,039,826** |

**Notes:** 1) Figures presented above may vary with the audited figures if instructed by regulators and/or statutory auditors.
2) Figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation of financial statement.
3) Depreciation has been classified & identified as according to the functional classification and charged to Cost of Sales & Administrative Expenses in both Periods.
4) Last year figure is of audited financial statement.

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि १४
### (नियम २६ को उपनियम (१) सँग सम्बन्धित) आ.व. २०८१।०८२ को चौथो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण:**

**(क) चौथो त्रैमासिक सम्मको वासलात, नाफा–नोक्सान सम्बन्धी विवरण:**
यस अवधीको सम्बद्ध संस्थाहरुसंग भएको कारोवारको विवरण निम्न अनुसार रहेको छ :

| क्र.सं. | सम्बद्ध संस्थाहरुको नाम | कारोवार रकम (मू.अ. कर बाहेक) | |
|---|---|---|---|
| | | खरिद | बिक्रि |
| १ | मोर्डन ईन्फाष्ट्क्चर प्रा.लि. | ५०९,७७५,७८९।०० | ० |
| २ | अरविन्द इम्पोरियम प्रा.लि. | ४३७,८६५,२११।०० | ० |
| ३ | कन्स्ट्रक्शन सोलुशन प्रा.लि. | ८६७,१९९।०० | ० |
| ४ | प्रिमियर वायर प्रा.लि. | ६६३,१३७।०० | ० |
| ५ | पशुपति सिन्प्याक इण्डष्ट्रिज प्रा.लि. | ३०,९४८,६८५।०० | ० |
| ६ | इन्फ्राटेक प्रा.लि. | २५८,४०७।०० | ० |
| ७ | लक्ष्मी लाईम प्रोडक्स् | ०।०० | २,९०३,६३७।०० |
| ८ | सेन्चुरी सिमेन्ट्स प्रा.लि. | ५८,६१६,९८६।०० | ० |
| ९ | दन्तकाली क्वेरिज प्रा.लि. | ४९,४४६,३१०।०० | ० |
| १० | लिटमस इन्डष्ट्रिज प्रा.लि. | ३९४,२१३।०० | २,७००,३२४।०० |
| ११ | लक्की नेपाल कम्पनी प्रा.लि. | ९,२१७,१२८।०० | ० |
| १२ | शिवम् होल्डिङ्स लि. | २,६६१,२८१।०० | २,२८०,०००।०० |
| १३ | होङ्सी शिवम् सिमेन्ट प्रा. लि | १,०८४,९८७,०१४।०० | |

**(ख) प्रमुख बितीय अनुपातहरू:**

| प्रति शेयर आम्दानी (वार्षिक रू.) | प्रतिशेयर नेटवर्थ रू. | प्रतिशेयर कूल सम्पत्तिको मूल्य रू. | तरलता अनुपात |
|---|---|---|---|
| १४।५५ | १८८।५७ | २३०।८७ | १।८० |

**२. व्यवस्थापकीय विश्लेषण :**

**क)** यस अवधिमा संस्थाको तरलता लगायतका अन्य कुराहरु सन्तोषजनक रहेका छन् ।

**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**
संस्थाको उद्देश्य अनुसार उत्पादन र विक्री वितरण गरी उपभोक्ताहरुलाई उच्च गुणस्तरको सिमेन्ट आपूर्ति गरी मुनाफा आर्जन गर्ने सम्बन्धि कार्यहरु गर्नुका साथै समयानुकुल व्यवसायिक कार्ययोजनाको तर्जुमा तथा सो को कार्यान्वयन गर्ने लगायतका कार्यमा संस्था प्रतिवद्ध रहेको छ ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धि विश्लेषणात्मक विवरण:**
विकास निर्माणका काममा लामो समय देखि सिथिलता आएको, नेपालमा मागको तुलनामा सिमेन्टको उत्पादन अत्याधिक रहेको परिवेशलाई समेत ध्यानमा राखी बजार प्रर्वर्द्धन र बजार विस्तारसंग सम्बन्धित कार्यहरुलाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्ने नीति अवलम्बन गर्दै ग्राहक संरक्षण नीतिलाई कायमै राखी आँउदा दिनमा असर पार्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक सर्तकता अपनाई उद्देश्य बमोजिमका कामहरु संचालन गर्दै अघि बढ्ने नीति लिइएको छ । संस्थाको मौज्दात, नगद प्रवाह लगायतका कुराहरुमा तात्विक असर पर्न सक्ने घटना अवस्था छैन । विकास निर्माणका कार्यमा बढोत्तरी भई औद्योगिक उत्पादन अभिबृद्धि र मुनाफा आर्जनमा सकारात्मक प्रभाव पर्नेछ भन्ने विश्वास लिएका छौं ।

**३. कानूनी कारवाही सम्बन्धि विवरण:** (यस संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए सोको जानकारी):-

(क) आफ्नो व्यवसायसंग सम्बन्धित कारोवार, खर्च लगायतका विषयमा भए गरेका केही शिर्षकमा श्री ठूला करदाता कार्यालयबाट जारी भएका संशोधित कर निर्धारण आदेशका विरुद्ध कम्पनीले प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागका महानिर्देशकज्यू समक्ष तथा श्री राजस्व न्यायाधिकरण काठमाडौं समक्ष पुनरावेदन गरेकोमा सो विषयहरु विचाराधिन रहेका छन ।

(ख) यस कम्पनीलाई विगतमा नेपाल विद्युत प्राधिकरणले लोडसेडिङका बखत विना लोडसेडिङ डेडिकेटेड/ट्रकं लाईनबाट विद्युत सेवा नदिएको, नलिएको भएता पनि पत्राचार गरी डेडिकेटेड दरको थप महसुल छुट रकम भनी भाग गरेको सम्बन्धमा विवाद कायमै रहेकोमा २०७२ माघ देखि २०७५ बैशाखसम्मको विवादित थप महसुलमा चित्त नबुझेमा नेपाल विद्युत प्राधिकरणको पुनरावलोकन समिति समक्ष पुनरावेदन दर्ता गर्न सूचना प्रकाशन गरी म्याद अवधि तोकिए बमोजिम यस कम्पनीले प्राधिकरण समक्ष पुनरावलोकनको निवेदन दर्ता गरेकोमा हाल तहाँ विचाराधिन रहेको छ। उक्त विवाद पुनारावलोकन समितिबाट निरोपण हुने विश्वास लिएको छौं । साथै प्राधिकरण संग सम्बन्धित अन्य ३ थान रिटहरु श्री सर्वोच्च अदालतमा विचाराधिन रहेका छन् ।

(ग) कम्पनीले सिमेन्ट बिक्री गर्न नियुक्त गरेका वितरक र सिमेन्ट खरिदकर्ता संस्थाहरुले समयमा रकम भुक्तानी नगरेको विषयमा त्यस्ता केहि संस्था एबम् व्यक्ति समेतका विरुद्ध रकम असुलीका लागि श्री काठमाडौं जिल्ला अदालतमा फिराद दायर गरेकोमा केही मुद्दाहरु विचाराधिन रहेका छन् ।

घ) वागमती प्रदेश सरकारको आर्थिक ऐन २०७७ र ०७८ बाट सिमेन्टको विक्रिमा ०.२५ प्रतिशत विक्रि कर सरह प्राकृतिक स्रोत कर लगाउने व्यवस्था संविधान र संघिय कानून संग बाझिएको हुँदा ऐनका उक्त व्यवस्था बदर गर्न माग गरी सर्वोच्च अदालत समक्ष रिट निवेदन दायर भएकोमा विचाराधिन रहेका छन् ।

ङ) वन तथा भु-संरक्षण विभागले चुनढुङ्गाको उत्पादन गर्दा खानी तथा भुगर्भ विभागमा दाखिला गरेको रोयल्टि रकमको २५% प्रतिशत वरावर हुने रकम वातावरण शुल्क वापत भुक्तानी गर्नु समेत भनी पत्राचार गरेकोमा उक्त पत्राचार खनिज पदार्थ ऐन नियम र वन ऐन, २०७६ समेतको विपरित माग गरेकोमा कम्पनीले सर्वोच्च आदालतको संवैधानिक इजलास समक्ष उक्त पत्र समेत बदर गर्न माग गरी रीट निवेदन गरेकोमा अन्तरिम आदेश जारी भई उक्त मुद्दा विचाराधिन रहेको छ ।

च) केहि संस्थाहरुले विज्ञापन कर लगाउन र संकलन गर्ने स्थानीय तहको अधिकार ठेक्का सम्झौताबाट प्राप्त भएको भनि पत्राचार गरी नगरेको विज्ञापन समेतको माग गरेकामा पत्रहरु बदर गरी पाउन श्री सर्वोच्च अदालत समक्ष २ थान रीट निवेदन दर्ता गराएकोमा हाल चलिरहेको छ ।

छ) कम्पनीका कुनै पनि संचालकका विरुद्ध आर्थिक अपराध गरेको विषयमा कुनै मुद्दा दायर गरेको वा भएको वारे कुनै जानकारी प्राप्त भएको छैन ।

**४. संस्थाको शेयर कारोवार तथा प्रगति विश्लेषण:**

(क) धितोपत्र बजारमा भएको यस संस्थाको शेयरको कारोवार खुल्ला बजारको सिद्धान्त अनुरुप हुने गरेकोछ ।

(ख) यस त्रैमास अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको दिन र शेयर कारोवार संख्या :

| अधिकतम मूल्य रू. | न्यूनतम मूल्य रू. | अन्तिम मूल्य रू. | कारोवार दिन | कारोवार शेयर संख्या |
|---|---|---|---|---|
| ५६३।० | ४९५।०० | ५३५।०४ | ६३ | ९,०७४,१२३ थान |

**५. समस्या तथा चुनौती:**
विकास निर्माण क्षेत्रका कार्यहरुमा सिथिलता लामो समयदेखि रहि रहेको, मागको तुलनामा नेपालमा सिमेन्टको उत्पादन गर्ने उद्योगहरुको क्षमता अत्याधिक रहेको, विकास निर्माणसंग सम्बन्धीत सरकारी परियोजनाहरुका लागि छुट्याईएको बजेट अत्यन्तै न्यून हुनेगरेको, विनियोजित विकास निर्माणको बजेट पनि न्यून मात्रामा खर्च हुने गरेको, लगाएतका कारणबाट निर्माण सामग्री उत्पादन गर्ने उद्योगहरुलाई सकारात्मक असर गर्ने अवस्थामा तात्विक सुधार नभएको । बजारमा आम ग्राहकहरु माझ यस संस्थाको उत्पादनलाई प्रभावशाली बनाई हालको बजार हिस्सा कायमै राखी थप बजार हिस्सा ओगट्न सोही अनुरुपको नीति, रणनीति अवलम्बन गरि संस्थाले बिक्री पछि उपलब्ध गराउने निःशुल्क प्राविधिक सेवाहरुको विस्तार, मानव संशाधनको दक्षतामा अभिबृद्धि र चुस्त व्यवस्थापन, खर्चमा मितव्ययिता अपनाई कार्य गर्ने नीति लिइएको छ ।

**६. संस्थागत सुशासन:**
संस्थागत सुशासन अभिवृद्धिका लागि संस्थाको व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्ने, आन्तरिक लेखापरीक्षण कार्यलाई थप प्रभावकारी बनाउने, कारोवारलाई चुस्त, छिटो, छरितो बनाउन कारोवारमा आर्कीषित हुने ऐन, कानून तथा नियमनकारी निकायबाट जारी भएका नीति, निर्देशनहरु पालना गरी संस्था संचालन गरिएको छ ।

**७. सत्य तथ्यताका सम्बन्धमा प्रवन्ध निर्देशकको उद्घोषण:**
यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन । लगानीकर्तालाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाईएको छैन ।